दुर्घटनाहरूका केस उदाहरणहरू

(प्लाइउड बन्डल)

# 지게차 운반 중 합판 묶음이 떨어져 깔림

## ढुवानी गर्दैगर्दा प्लाइउडको बन्डल कामदार माथि खस्यो र त्यसले उनलाई च्याप्यो।

(4.5 टनको लोडिङ क्यापासिटी भएको) फोर्कलफ्टिले (प्लाइउडका 100 वटा शिट, 1.8 टनको) प्लाइउडको बन्डललाई ढुवानी गर्दा फोर्कलफ्टि रोकियो र फोर्क्समा भएको लोड गरिएको बन्डल निर्देशन दिँदै गरेका कामदार माथि खस्यो।



### दुर्घटनाका कारणहरू

- वर्क प्लानहरू तयार गर्न र फोर्कलफ्टि सञ्चालनको क्रममा खतराहरू रोक्नका लागि प्लानहरू अनुसार कार्यहरू गर्न असफल भएको
- कन्स्ट्रक्सन मेसिनरी व्यवस्थापन ऐनले फोर्कलफ्टिहरूलाई योग्य वा इजाजतप्राप्त कर्मचारीहरूले मात्र चलाउन आवश्यक बनाएको तथ्य हुँदाहुँदै पनि अयोग्य व्यक्तिद्वारा चलाइएको




### सुरक्षित सञ्चालन प्रक्रिया

TIP

1. फोर्कलफ्टि प्रयोग गरेर सामग्रीहरू लोड तथा ढुवानी गर्दा लोडहरू खस्ने वा ढल्ने जस्ता जोखिमहरूबाट बच्नका लागि सुरक्षा उपायहरूको वर्क प्लानहरू तयार गर्नुहोस् र सुपरभाइजरको निर्देशन पालना गरेर कार्य गर्नुहोस्।

2. इजाजतप्राप्त तथा आवश्यक तालिम लिएका व्यक्तिहरूले मात्र फोर्कलफ्टिहरू चलाउन सक्छन् भनेर सुनिश्चित गर्न अपरेटरसँग इजाजतपत्र छ र आवश्यक तालिम पूरा गरेका छन् भनेर प्रमाणित गरेपछि काम सुरु गर्नुहोस्।

※ 3 टन वा सोभन्दा बढी लोड क्यापासिटी भएका फोर्कलफ्टिहरू: कन्स्ट्रक्सन मेसिनरी अपरेटरको इजाजतपत्र वाहकहरू

※ 3 टनभन्दा कम लोड क्यापासिटी भएका फोर्कलफ्टिहरू: कन्स्ट्रक्सनका साना मेसिनरी चलाउन तालिम पूरा गरेका व्यक्तिहरू






OPEN 공공누리 공공저작물 자유이용허락

नेपाल

## ढुवानी गर्दैगर्दा प्लाइउडको बन्डल कामदार माथि खस्यो र त्यसले उनलाई च्याप्यो।

## 지게차 작업, 반드시 유자격자가 실시하세요!
## फोर्कलफि्टहरूलाई इजाजतप्राप्त अपरेटरहरूद्वारा चलाइनुपर्छ !




## सन्दर्भ कानुन तथा मापदण्डहरू

- **पेशागत सुरक्षा तथा स्वास्थ्य मापदण्डसम्बन्धी नियमावली**
  आर्टिकल 38 (सञ्चालन पूर्वको निरीक्षण तथा वर्क प्लानहरूको तयारी, इत्यादि), आर्टिकल 39 (सुपरभाइजरको नियुक्ति)
- **खतरनाक कामहरूका लागि प्रतिबन्धित रोजगारीसम्बन्धी नियमावली**
  आर्टिकल 3 (योग्यता, इजाजतपत्रहरू आवश्यक पर्ने कामहरूको कार्यक्षेत्र, इत्यादि)